# सहायक हजाम (नाई) का लागि पाठ्यक्रम निर्देशिका

**Program Guide for Junior Barber**

*अन्तर्राष्ट्रिय श्रम संगठन/समयबद्ध कार्यक्रम*

*तथा*

*विश्व शिक्षा/उज्यालो भविष्य परियोजनाका*

*लागि तयार गरिएको कार्यकालीन तालीम सम्बन्धी पाठ्यक्रम*

*वि.सं. २०६१*

अन्तर्राष्ट्रिय श्रम संगठन
बालश्रम उन्मुलनका लागि अन्तर्राष्ट्रिय कार्यक्रम

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

विश्व शिक्षा

कार्यकालीन तालीमको प्रस्तुत पाठ्यक्रम अन्तर्राष्ट्रिय श्रम संगठनको समयबद्ध कार्यक्रम तथा विश्व शिक्षाको उज्यालो भविष्य परियोजनाका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतको पाठ्यक्रम विकास महाशाखाद्वारा तयार गरिएको हो । पाठ्यक्रम निर्माणको पहिलो चरण अर्थात् DACUM Workshop मा नेपाल ट्रेड यूनियन महासंघ, नेपाल ट्रेड यूनियन कांग्रेस, नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ तथा WEAN सँग सम्बन्धित विषय विज्ञहरुको सक्रिय सहभागिता रहेको व्यहोरा सम्बन्धित सबैलाई सधन्यवाद जानकारी गराइन्छ ।

पाठ्यक्रम तयार गर्ने: *पाठ्यक्रम विकास महाशाखा, प्रा.शि.तथा व्या.ता.परिषद् सानोठिमी, भक्तपुर ।*
**अनुवादक: *प्रदीप अधिकारी, मिष्टरकान्त मैनाली र कविता काफ्ले ।***

# सहायक हजाम (नाई) का लागि पाठ्यक्रम निर्देशिका

**परिचय :**

अन्तर्राष्ट्रिय श्रम संगठनको बालश्रम उन्मूलनका लागि अन्तर्राष्ट्रिय कार्यक्रम अर्थात आइपेक (IPEC) र विश्व शिक्षा (World Education)ले नेपालमा हुने निकृष्ट प्रकारका बालश्रम उन्मूलनलाई प्राथमिकता दिंदै कमशः बालश्रम हटाउन विभिन्न  उपायलाई प्रवर्द्धन गरेका छन् । आइपेक र विश्व शिक्षाका पहलहरू सरकार, ट्रेड युनियन, रोजगारदाता संघ र गैरसरकारी संघसंस्थाको साझेदारीमा कार्यान्वयन गरिन्छन् । आइपेक (IPEC)ले प्रवर्द्धन गरेको विभिन्न नयाँ कार्यक्रमहरूमध्ये एक हो समयबद्ध कार्यक्रम (Time Bound Programme) । अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १८२ मा परिभाषित विशेष प्रकारका निकृष्ट बालश्रमलाई तोकिएको समयावधि भित्र रोकथाम गर्नु समयबद्ध कार्यक्रम र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रम (Brighter Fututre Programme) को लक्ष्य हो ।

समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमको उद्देश्य श्री ५को सरकारद्वारा बालश्रम उन्मुलनका लागि बनाइएको गुरू योजनामा सहयोगीको रूपमा काम गर्नु रहेको छ । यसै सिलसिलामा यस कार्यक्रमले नेपालमा पहिचान भएका सात निकृष्ट प्रकारका बालश्रमहरूको पहिचान गरेको छ । त्यस्ता बालश्रमिकहरूमा : १. घरेलु बालश्रमिकहरू, २. बालभरियाहरू, ३. बाल बँधुवा मजदूरहरू, ४. अवैध बेचविखनमा परेका बालबालिकाहरू, ५. सडक बालबालिकाहरू (खाते), ६. गलैंचा कारखानामा काम गर्ने बालबालिकाहरू तथा ७. खानीमा कामगर्ने बालबालिकाहरू पर्दछन् । समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमले यस्ता बालश्रम उन्मूलनका लागि विभिन्न कदमहरू चालिरहेका छन् ।

नेपालमा अपनाइएका समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमका शैक्षिक पहलहरू बालश्रम रोकथाम गर्न र बालश्रमिकहरूलाई पुर्नस्थापित गर्न अति नै प्रभावकारी देखिएका छन् । यी दुवै कार्यक्रमले निकृष्ट प्रकारका बालश्रमबाट संयुक्त रूपमा उद्धार गरिएका सबै बालबालिका तथा युवाका लागि निशुल्क शिक्षा, उपयुक्त व्यावसायिक तालीम (Vocational Training) एवं कार्यकालीन तालीम (Apprenticeship Training) का अवसरहरूको प्रवर्द्धन गर्दछन् । यस सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम संगठनको आइपेक (IPEC) र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रमले निकृष्ट प्रकारका बालश्रममा संलग्न ठूला उमेरका बालबालिका लागि विभिन्न व्यावसायिक क्षेत्रहरुमा कार्यकालीन तालीम (Apprenticeship Training) कार्यक्रमको रूपरेखा तयार गरेका छन् ।

**कार्यक्रमको आवश्यकता :**

नेपालमा संचालन भइरहेका विभिन्न प्राविधिक तालीमहरूका मिश्रित परिणामहरू देखिएका छन् । द्रुतगतिमा धेरै ठूलो संख्यामा प्राविधिक तथा व्यावसायिक प्रशिक्षण दिने संस्थाहरू खुलेका छन् । यसको अनुपातमा भर्ना हुने युवा युवतीहरुको संख्यामा पनि वृद्धि भइरहेको छ । तर त्यसमा केही समस्याहरु देखा परेका छन् । मूख्यतः प्रशिक्षण कार्यक्रमहरु धेरै संरचनागत छन् । प्रशिक्षणको शैली चाहिं संस्थागत आधारमा बनाइएको छ । त्यस्तै विद्यार्थी भर्नालाई व्यवस्थित बनाउनका लागि न्यूनतम मापदण्ड तोकिएको हुन्छ । नेपालमा पहिचान गरिएका निकृष्ट प्रकारका बालश्रमिकहरूको न्यून साक्षरता दरको

पृष्ठभूमीलाई विचार गर्ने हो भने व्यावसायिक प्रशिक्षण दिने त्यस्ता संस्थाहरुले आफ्नो तालीममा प्रवेश लागि तोकेका न्यूनतम मापदण्ड अति नै उच्च भएको पाइन्छ । यसको साथै यस्ता धेरै व्यावसायिक तालीम प्रतिष्ठानहरू महँगा पनि छन् । यिनै कारणहरुले समेत गर्दा निकृष्ट प्रकारका बालश्रममा लागेका बालबालिकाहरु प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको पहुँचबाट टाढा भएका छन् । तसर्थ अन्तर्राष्ट्रिय श्रम संगठनको आइपेक (IPEC) र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रमले निकृष्ट प्रकारका बालश्रममा संलग्न १४ वर्षमाथिका बालबालिका लागि कार्यकालीन तालीम (Apprenticeship Training) मोडेललाई व्यावसायिक तालीम (Vocational Training) को विकल्पको रूपमा हेर्न पहल गरेका छन् ।

आइपेक (IPEC) र विश्व शिक्षाका अनुसार कार्यकालीन तालीम (Apprenticeship Training) भनेको सम्बन्धित व्यक्तिको सुपरीवेक्षणमा सञ्चालन गरिने यस्तो स्थलगत तालीम हो जसले प्रशिक्षार्थीहरूलाई सैद्धान्तिक ज्ञान, व्यावहारिक सीप र कामजन्य वातावरणको अनुभव प्रदान गर्दछ । यो सिकाइ यस्तो तरिका हो जसले कम्तीमा १४ वर्ष पुगेका बालश्रमिकहरूलाई संभाव्य रोजगारदाता मार्फत् पेशागत योग्यता प्रदान गरी जीविकाका लागि वास्तविक रुपमा तयार गर्दछ । यस तालीमले प्रशिक्षार्थीहरूलाई संभाव्य रोजगारदाताहरूसँग पनि परिचय गराउन सक्छ । कार्यकालीन तालीमले युवायुवतीमा आत्मविश्वास जगाउन सक्छ र आफ्ना समुदाय तथा मुलुकका लागि निर्वाह गर्नुपर्ने सकारात्मक भूमिकाबारे स्मरण गराउन सक्छ ।

## समष्टिगत उद्देश्य :

यस कार्यक्रमको समष्टिगत उद्देश्य निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरुको उद्धार गरी उनीहरुलाई सीप तथा ज्ञान सहित रोजगारीका उचित अवसरहरु प्रदान गर्नु हो । यसका साथै उनीहरुलाई राष्ट्रिय विकासका विभिन्न क्षेत्रहरु जस्तै : आर्थिक, शैक्षिक, श्रम बजारका नीति आदिमा पनि संलग्न गराउनु हो ।

## अन्तिम उद्देश्यहरु

यस पाठ्यक्रम अनुसारको प्रशिक्षण पछि कार्यकालीन तालीम प्रशिक्षार्थीहरु निम्न कामहरु सम्पन्न गर्न सक्षम हुनेछन् :

- सैलुन व्यवस्थित गर्न वा चालु अवस्थामा राख्न सक्नेछन् ।
- विभिन्न स्टाइलहरुमा कपाल काट्न सक्नेछन् ।
- विभिन्न स्टाइलहरुमा सेभिङ्ग (दाह्रि काट्ने) गर्न सक्नेछन् ।
- मसाज गर्न सक्नेछन् ।
- कपाल रंगाउने काम गर्न सक्नेछन् ।
- सौन्दर्य सम्बन्धी सेवा प्रदान गर्न सक्नेछन् ।

**पाठ्यक्रम विवरणः**

यो पाठ्यक्रम कार्यकालीन तालीम प्रशिक्षार्थीहरुलाई कपाल काट्ने र सेभिङ्ग गर्ने काममा आधारभूत ज्ञान तथा सीप प्रदान गर्ने उद्देश्यले तयार पारिएको हो । यसबाट कार्यकालीन तालीम प्रशिक्षार्थीहरुले असंगठित तरिकाबाट सैलुनहरुमा आफ्नो क्षमता अभिवृद्धि गर्न सक्नेछन् । यो पाठ्यक्रम खास गरेर विभिन्न स्टाइलमा कपाल काट्ने, रंगाउने, सेभिङ्ग गर्ने कामको अभ्यासमा सीप प्रदान गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । साथसाथै यस पाठ्यक्रमले सौन्दर्य सम्बन्धी सेवा प्रदान गर्ने तथा मसाज गर्ने काममा समेत सीप प्रदान गर्दछ ।

**लक्षित समूह :**

यस पाठ्यक्रमका लक्षित समुह अन्तर्गत निकृष्ट प्रकारका बालश्रममा रहेका १४ बर्ष भन्दा माथिका उमेर समूहका बालश्रमिकहरु पर्दछन् । नेपालमा निम्न निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरूलाई बालश्रमिक मानिएको छ :

क) घरेलु बालश्रमिकहरू

ख) बालभरियाहरू

ग) बाल बँधुवा मजदूरहरू

घ) अवैध बेचविखनमा परको बालबालिकाहरू

ङ) सडक बालबालिकाहरू (खाते)

च) गलैंचा कारखानामा काम गर्ने बालबालिकाहरू

छ) खानीमा कामगर्ने बालबालिकाहरू

**प्रशिक्षार्थी संख्या :**

तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशालामा उपलब्ध सुविधाहरूको आधारमा कार्यकालीन तालीम प्रशिक्षार्थीहरूको संख्या थपघट हुन सक्छ । तर प्रभावकारी सिकाइका लागि पाँचजना भन्दा बढि संख्या अनुपयुक्त हुन्छ ।

**तालीम प्रवेशको लागि न्यूनतम मापदण्ड :**

क) निकृष्ट प्रकारका बालश्रमसँग सम्बन्धित हुनुपर्दछ ।

ख) चौध देखि माथि अठार वर्ष तलको उमेरको हुनुपर्दछ ।

ग) कार्यकालीन तालीमका लागि इच्छुक तथा प्रतिबद्ध हुनुपर्दछ ।

घ) हालका मालिक/अभिभावकले अनुमति प्रदान गरेको हुनुपर्दछ ।

ङ) साक्षर हुनुपर्दछ ।

**समयावधि :**

कार्यक्रमको कूल समयावधि तीन देखि पाँच महिना (हप्तामा ५ वा ६ दिन र दिनको २ वा ३ घण्टाको दरमा) अथवा तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशाला/व्यक्ति तथा टिविपी (TBP) कार्यक्रम चलाउने संस्थाका बीचमा भएको सम्झौता अनुसार हुनेछ । कूल समय मध्ये सैद्धान्तिक तथा प्रयोगात्मक समयको अनुपात भने २०:८० नै सुनिश्चित गरिनुपर्दछ ।

**प्रशिक्षणको माध्यम :**

प्रशिक्षणको माध्यम मूलतः नेपाली हुनेछ । प्रशिक्षणमा प्रयोग हुने औजार तथा मेशिनहरुको नामहरु भने चलन चल्तीमा रहेका जुनसुकै भाषामा हुन सक्नेछ ।

**न्यूनतम उपस्थितिको आवश्यकता :**

तालीम अवधिको कम्तीमा ९० प्रतिशत उपस्थिति जनाएका प्रशिक्षार्थीहरुले मात्र तालीममा सहभागी भएको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन् ।

**प्रमाणपत्र सम्बन्धी व्यवस्था :**

राष्ट्रिय सीप परीक्षण समिति (प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतको सीप परीक्षण महाशाखा) ले आफ्नो नियमानुसार सीप परीक्षण गरी सम्बन्धित कार्यकालीन तालीम प्रशिक्षार्थीलाई प्रमाण-पत्र प्रदान गर्ने छ ।

**कार्यकालीन तालीम दिनेको योग्यता :**

कार्यकालीन तालीम प्रदान गर्ने संस्था / उद्योग / कारखाना / कार्यशाला / व्यक्ति मा देहाय अनुसारको योग्यता हुनुपर्नेछ :

क) निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरूलाई उत्साह तथा प्रेरणा जगाई प्रशिक्षण दिन सक्ने,

ख) प्रशिक्षण सम्बन्धी तालीम तथा योग्यता भएको,

ग) तालीम संचालनका लागि उपयुक्त स्थान, उपकरणहरू, औजारहरू भएको,

घ) काम गर्ने सुरक्षित वातावरण भएको, तथा

ङ) रोजगारीको अवसरहरूको संम्भावना भएको ।

**प्रशिक्षार्थीको मूल्याङ्कन प्रक्रिया:**

कार्यकालीन तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशाला/व्यक्ति ले लगातारको मूल्याङ्कन तथा अनुगमनको आधारमा कार्यकालीन तालीम प्रशिक्षार्थीको मूल्याङ्कन गरिनेछ ।

## उपकरण, औजार तथा सामाग्रीहरू :

यस तालीम संचालनका लागि देहायका उपकरण, औजार तथा सामाग्रीहरू आवश्यक पर्दछन् । कार्यकालीन तालीम प्रशिक्षार्थीहरूको संख्या, उपकरण तथा औजारको प्रयोग हुने समयको (कति पटक) आधारमा उपकरण तथा औजारहरुको आवश्यक संख्या फरक हुन सक्नेछ ।

| क्रम संख्या | औजार/उपकरणहरुको नाम | एकाइ |
|---|---|---|
| १. | विभिन्न साइज र प्रकारका कैंचीहरु | |
| २. | विभिन्न साइज र प्रकारका काईयोहरु | |
| ३. | विभिन्न प्रकारका पत्तीहरु (Blade) | |
| ४. | रेजर | |
| ५. | सेभिङ्ग ब्रश | |
| ६. | हेयर थिनीङ ब्रश | |
| ७. | हेयर ड्रायर | |
| ८. | ड्राइ ब्रश | |
| ९. | पानी राख्ने कचौरा | |
| १०. | स्प्रेयर (Sprayer) | |
| ११. | थ्रेडिङ गर्ने औजारहरु | |
| १२. | कपाल काट्ने मेशिन (बिजुलीबाट चल्ने र हातले चल्ने) | |
| १३. | इलेक्ट्रिकल दाह्रि काट्ने मेशिन (Shaving Machine) | |

## प्रशिक्षणका लागि सुझावहरु

- उद्देश्यहरुको छनौट गर्ने ।
  - संज्ञानात्मक क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
  - मनोकृयात्मक क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
  - प्रभावी क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
- विषयबस्तुको छनौट गर्ने
  - विषयबस्तुको विस्तृत अध्ययन गर्ने ।
  - संज्ञानात्मक क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
  - मनोकृयात्मक क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
  - प्रभावी क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
- शैक्षणिक विधिहरुको छनौट गर्ने
  - विविध शैक्षणिक विधिहरु :
    - शिक्षक सक्रिय विधिहरु,
    - विद्यार्थी सक्रिय विधिहरु,
    - अन्तरक्रिया विधिहरु,
    - नाटकीय विधिहरु र
    - सामग्री केन्द्रित विधिहरु ।
  - निम्न आधारमा छनौट गर्ने :
    - पाठका (संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी) क्षेत्रको उद्देश्यहरुका आधारमा ,
    - विषयबस्तुको स्वरुपको आधारमा ,
    - शिकारुको स्तर (संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी) का उद्देश्यहरुका आधारमा ,
    - प्राप्य शैक्षणिक सामग्रीहरुको आधारमा र
    - शिक्षकको अनुभव तथा पृष्ठभूमिको आधारमा ।
- विविध शैक्षणिक सामग्रीहरुको छनौट गरी उपयुक्त स्थान र समयमा प्रयोग गर्ने ।
- मूल्याङ्कन गर्ने
  - विविध मूल्याङ्कनका साधनहरु निर्माण गर्ने
  - मूल्याङ्कनका साधनहरु प्रयोग गरी संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी क्षेत्रका उद्देश्यहरु प्राप्तिका मूल्याङ्कन गर्ने
- कक्षा कोठा र फिल्ड कार्यको व्यवस्थापन र संगठनको योजना तयार गर्ने ।
- उद्देश्य, विषयबस्तु र शिक्षण विधिका वीच तालमेल गराउने ।
- पाठयोजनाहरु (सैद्धान्तिक र प्रयोगात्मक पाठयोजनाहरु) तयार गर्ने ।
- कार्यक्रम संचालन गर्ने ।
- कार्यक्रमको मूल्याङ्कन गर्ने ।

## प्रशिक्षार्थीका कार्य सम्पादन मूल्याङ्कनको लागि विशेष सुझाव :

- कार्य विश्लेषण गर्ने ।
- कार्य विश्लेषणको आधारमा विस्तृत कार्य सम्पादन जाँच्ने सूची तयार गर्ने ।
- 'जाँच्ने सूची' प्रयोग गरी परिक्षार्थीहरुको लगातार कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

## सीप तालीमका लागि सुझाव :

- प्रशिक्षकले कार्य सम्पादन प्रदर्शन गर्ने :
  - सामान्य गतिमा प्रदर्शन गर्ने ।
  - मन्द गतिमा हरेक क्रियाकलाप र कामहरुको बयान गर्दै प्रदर्शन गर्ने ।

- ➢ द्रुत गतिमा प्रदर्शन गर्ने ।
- प्रशिक्षार्थीलाई अभ्यासको मौका दिने :
  - ➢ सिकारुलाई पहिले हरेक कदमहरुमा सहयोग गर्दै अभ्यास गर्न सिकाउने/ लगाउने ।
  - ➢ सिकारुलाई स्वतन्त्ररुपमा गर्न सक्ने बनाउन आवश्यक संख्यामा अभ्यासहरु गर्ने मौका दिने ।
  - ➢ सिकारु सम्बन्धित सीपमा कुशल भएपछि मात्र अर्को सीप (कार्य) सिकाउने ।
- अन्य सुझावहरु :
  - ➢ सीपमूलक तालीममा सिद्धान्तहरु प्रयोग गर्ने ८०५ समय कार्य सम्पादन र २०५ समय सैद्धान्तिक प्रशिक्षणमा खर्च गर्ने ।
  - ➢ वयस्क सिकाईका सिद्धान्तहरु प्रयोग गर्ने ।
  - ➢ सिकारुहरुमा आन्तरिक उत्प्रेरणा जागरण गराउँदै अधिकतम सिकाई क्रियाकलापमा संलग्न गराउने ।

➢ सिकारुका ज्ञान, सीप र प्रवृत्तिको आधारमा प्रशिक्षण गर्ने ।

## मुख्य कार्य तथा सीपहरुको संक्षिप्त सूची

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| क. | सैलुन व्यवस्थित गर्ने/चालु अवस्थामा राख्ने | | | |
| | क.१. सैलुनको भुइँ, सिलीङ, भित्ता सफा राख्ने | १/२ | १/२ | १ |
| | क.२. ऐनाहरु सफा राख्ने | १/२ | १/२ | १ |
| | क.३. काट्ने औजारहरु किटाणु रहित (स्टेरलाइज) गर्ने | १/२ | १/२ | १ |
| | क.४. वास-बेशिन सफा गर्ने | १/२ | १/२ | १ |
| | क.५. फर्निचर सफा गर्ने | १/२ | १/२ | १ |
| | क.६. चिसो/तातो पानीको व्यवस्था गर्ने | १/२ | १/२ | १ |
| | क.७. पिउने पानीको व्यवस्था गर्ने | १/२ | १/२ | १ |
| | क.८. प्रकाशको व्यवस्था गर्ने | १/२ | १/२ | १ |
| | क.९. बिजुलीबाट चल्ने सामाग्रीहरु जाँच गर्ने | १/२ | १/२ | १ |
| | क.१०. मनोरञ्जनका साधनहरुको व्यवस्था गर्ने (समाचार, पत्रिका, गीत-संगीत) | १/२ | १/२ | १ |
| | क.११. एप्रोन/रुमाल सफा राख्ने | १/२ | १/२ | १ |
| | क.१२. औजार/उपकरण एवं अन्य सामानहरुको व्यवस्था गर्ने | १/२ | १/२ | १ |
| | क.१३. काट्ने औजार चालु अवस्थामा राख्ने | १/२ | १/२ | १ |
| | क.१४. काट्ने मेशिन/ सामान चालु अवस्थामा राख्ने | १/२ | १/२ | १ |
| | क.१५. स्प्रेयर चालु अवस्थामा राख्ने | १/२ | १/२ | १ |
| ख. | औजार/उपकरण चलाउने | | | |
| | ख.१. ब्रश/ सेभिङ्ग ब्रश चलाउने | १/२ | १/२ | १ |
| | ख.२. काईंयो चलाउने | १/२ | १/२ | १ |
| | ख.३. कैंची चलाउने | १/२ | २ | २ १/२ |
| | ख.४. सेभिङ्ग रेजर चलाउने | १/२ | २ | २ १/२ |
| | ख.५. बिजुलीबाट चल्ने कपाल काट्ने मेशिन चलाउने | १/२ | २ | २ १/२ |
| | ख.६. बिजुलीबाट चल्ने सेभिङ्ग मेशिन चलाउने | १/२ | २ | २ १/२ |
| | ख.७. बिजुलीबाट चल्ने ड्रायर चलाउने | १/२ | २ | २ १/२ |
| | ख.८. स्प्रेयर चलाउने | १/२ | १/२ | १ |
| ग. | कपाल काट्ने | | | |

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| | ग.१. कपाल चिण्डे (सराद्धे कट) बनाएर काट्ने | १ | २ | ३ |
| | ग.२. साधारण कपाल काट्ने | १ | २ | ३ |
| | ग.३. स्लोप कट कपाल काट्ने | १ | २ | ३ |
| | ग.४. स्टेप कट कपाल काट्ने | १ | २ | ३ |
| | ग.५. आर्मी कट कपाल काट्ने | १ | २ | ३ |
| | ग.६. रीकि मार्टिन कट कपाल काट्ने | १ | २ | ३ |
| | ग.७. मशरुम कट कपाल काट्ने | १ | २ | ३ |
| | ग.८. थाई कट कपाल काट्ने | १ | २ | ३ |
| | ग.९. यू सेप कपाल काट्ने | १ | २ | ३ |
| | ग.१०. भि सेप कपाल काट्ने | १ | २ | ३ |
| | ग.११. स्टेप (लेडिज) कट कपाल काट्ने | १ | २ | ३ |
| | ग.१२. अंग्रेजी कट कपाल काट्ने | १ | २ | ३ |
| | ग.१३. हेयर थिनीङ गर्ने | १ | २ | ३ |
| घ. | सेभिङ्ग (दाह्रि) गर्ने | | | |
| | घ.१. साधारण (सादा) सेभिङ्ग | १ | २ | ३ |
| | घ.२. भि-जोन स्टाइलको सेभिङ्ग गर्ने | १ | २ | ३ |
| | घ.३. निभीया/ ओल्ड स्पाइस/ जिलेट लगाउने | १ | २ | ३ |
| | घ.४. फ्रेन्च कट दाह्रि काट्ने | १ | २ | ३ |
| | घ.५. लेनिन कट दाह्रि काट्ने | १ | २ | ३ |
| | घ.६. ट्रिमीङ गर्ने | १ | २ | ३ |
| | घ.७. चेहरा सेभिङ्ग गर्ने | १ | २ | ३ |
| | घ.८. चाउस सेभिङ्ग गर्ने | १ | २ | ३ |
| | घ.९. फोम सेट सेभिङ्ग गर्ने | १ | २ | ३ |
| ङ. | मसाज गर्ने | | | |
| | ङ.१. टाउकोको मसाज गर्ने | $^{१}/_{२}$ | १ | १$^{१}/_{२}$ |
| | ङ.२. कपालमा तेलको मसाज गर्ने | $^{१}/_{२}$ | १ | १$^{१}/_{२}$ |
| | ङ.३. अनुहारको मसाज गर्ने | $^{१}/_{२}$ | १ | १$^{१}/_{२}$ |
| | ङ.४. क्रिम मसाज गर्ने | $^{१}/_{२}$ | १ | १$^{१}/_{२}$ |
| | ङ.५. बेड मसाज गर्ने | $^{१}/_{२}$ | १ | १$^{१}/_{२}$ |

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| | ङ.६. दुखेको ठाउँमा मसाज गर्ने | १/२ | १ | १ १/२ |
| | ङ.७. शरीर मसाज गर्ने | १/२ | १ | १ १/२ |
| च. | कपाल रंगाउने (कलर गर्ने) | | | |
| | च.१. फरिस्ता/कालो मेहंदीले कलर गर्ने | १ | २ | ३ |
| | च.२. स्टोन कलरीङ्ग गर्ने | १ | २ | ३ |
| | च.३. गोदरेजले कलरीङ्ग गर्ने | १ | २ | ३ |
| | च.४. सुपर भस्मले कलरीङ्ग गर्ने | १ | २ | ३ |
| | च.५. बेगनले कलरीङ्ग गर्ने | १ | २ | ३ |
| | च.६. बरीना पेस्टले कलरीङ गर्ने | १ | २ | ३ |
| | च.७. ड्राइ पाउडरले कलरीङ गर्ने | १ | २ | ३ |
| | च.८. गार्लीले कलरीङ गर्ने | १ | २ | ३ |
| | च.९. ब्लिच (कलरीङ) गर्ने | १ | २ | ३ |
| | च.१०. कपाल रातो बनाउने | १ | २ | ३ |
| | च.११. कपालमा मेहंदी लगाउने | १ | २ | ३ |
| | च.१२. हेयर सेटीङ गर्ने | १ | २ | ३ |
| | च.१३. कपाल ड्राइ गर्ने (एयर ब्लोइङद्वारा) | १ | २ | ३ |
| | च.१४. हेयर टिन्टीङ (Tinting) गर्ने | १ | २ | ३ |
| | च.१५. बारबन्दी कलरीङ गर्ने | १ | २ | ३ |
| | च.१६. बेगन (पेस्ट) कलरीङ गर्ने | १ | २ | ३ |
| छ. | सौन्दर्य-सेवा प्रदान गर्ने | | | |
| | छ.१. स्याम्पुले कपाल धुने | १ | १ | २ |
| | छ.२. घरेलु फेसियल गर्ने | १ | २ | ३ |
| | छ.३. आँखी भौं मिलाउने (थ्रेडिङ्ग गर्ने) | १/२ | १ | १ १/२ |
| | छ.४. फेस वास गर्ने (मुख धुने) | १ | १ | २ |
| | छ.५. फेसियल गर्ने | १ | १ | २ |
| | छ.६. फेस प्याक लगाउने | १ | १ | २ |
| | छ.७. बाफ लिने | १ | १ | २ |
| | छ.८. नङ काट्ने | १ | १ | २ |
| | छ.९. नेल पालिश लगाउने | १ | १ | २ |

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| | छ.१०. मुखमा ब्लिच गर्ने | १ | १ | २ |
| ज. | अन्यसँग संचार गर्ने | | | |
| | ज.१. हजामसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.२. ग्राहकसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.३. रोजगारदातासँग संचार गर्ने | १ | २ | ३ |
| | ज.४. सहकर्मीहरुसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.५. सुपरिवेक्षकसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.६. आपूर्तिकर्तासँग संचार गर्ने | १ | २ | ३ |
| | ज.७. आगन्तुकसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.८. कनिष्ठसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.९.हजामका लागि आवश्यक सामाग्री पाइने पसलसँग संचार गर्ने | १ | २ | ३ |
| | ज.१०. टेलिफोन रीसिभ गर्ने | १ | २ | ३ |
| झ. | पेशागत वृत्ती विकास गर्ने | | | |
| | झ.१. हजामसँग परामर्श लिने | १ | २ | ३ |
| | झ.२. अन्य कार्यशालाहरुको भ्रमण गर्ने | १ | ३ | ४ |
| | झ.३. सम्बन्धित सामाग्रीहरु अध्ययन गर्ने | १ | ३ | ४ |
| | झ.४. तालीम/सेमिनार/कार्यशालाहरुमा उपस्थित हुने | १ | ४ | ५ |
| | झ.५. श्रव्य-दृश्यहरुको अवलोकन गर्ने | १ | २ | ३ |
| | झ.६. इन्टरनेट चलाउने | १ | २ | ३ |
| | झ.७. तालीमका लागि कार्यक्रम/स्थान आदिको खोजी गर्ने | १ | २ | ३ |
| | **जम्मा** | **८१** | **१५२** | **२३३** |

**मुख्य कार्य (Duty) नं. १: सैलुन व्यवस्थित गर्ने/ चालु हालतमा राख्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | सैलुनको भुइँ, सिलीङ, भित्ता सफा राख्ने | ▪ सफा गर्नका लागि चाहिने सामानहरु<br>▪ सफा गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १/२ | १/२ | १ | |
| २. | ऐनाहरु सफा राख्ने | ▪ सफा गर्नका लागि आवश्यक सामाग्री<br>▪ सफा गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १/२ | १/२ | १ | |
| ३. | काट्ने औजारहरु किटाणु रहित (स्टेरलाइज) गराउने | ▪ किटाणु रहित गराउने को परिचय<br>▪ किटाणु रहित गर्ने सामानहरु<br>▪ किटाणु रहित गर्नुको उद्देश्य<br>▪ किटाणु रहित गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १/२ | १/२ | १ | |
| ४. | वास-बेशिन सफा गर्ने | ▪ सफा गर्दा चाहिने सामानहरु<br>▪ सफा गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १/२ | १/२ | १ | |
| ५. | फर्निचर सफा गर्ने | ▪ सफा गर्दा चाहिने सामानहरु<br>▪ सफा गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १/२ | १/२ | १ | |
| ६. | चिसो/तातो पानीको व्यवस्था गर्ने | ▪ वाशिङ्गका लागि गुणस्तरीय पानीको आवश्यकता<br>▪ पर्याप्त मात्रामा चिसो र तातो पानीको व्यवस्था (उपलब्धता) | १/२ | १/२ | १ | |
| ७. | पिउने पानीको व्यवस्था गर्ने | ▪ पिउनका लागि गुणस्तरीय पानीको आवश्यकता<br>▪ पिउने पानीको भण्डारण | १/२ | १/२ | १ | |
| ८. | प्रकाशको व्यवस्था गर्ने | ▪ बिजुली सम्बन्धी सामान्य जानकारी (करेन्ट, भोल्टेज र रेसिस्टेन्स)<br>▪ सैलुनको काम सुचारु रुपमा गर्न पर्याप्त प्रकाश (उज्यालो) को व्यवस्था<br>▪ प्रकाश व्यवस्था गर्दा साधारण | १/२ | १/२ | १ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | खराबीको पहिचान र मर्मत सम्भार | | | | |
| ९. | बिजुलीबाट चल्ने सामाग्रीहरु जाँच गर्ने | ▪ बिजुलीबाट चल्ने (हेयर ड्रायर, इलेक्ट्रिक सेभिङ्ग मेशिन, इलेक्ट्रिक हेयर कटिङ्ग मेशिन) सामाग्रीहरु र तिनीहरुको अवस्था<br>▪ साधारण खराबीको पहिचान र मर्मत सम्भार<br>▪ सुरक्षा सम्बन्धी उपाय | १/२ | १/२ | १ | |
| १०. | मनोरञ्जनका साधनहरुको व्यवस्था गर्ने (समाचार, पत्रिका, गीत-संगीत) | ▪ मनोरञ्जनका साधनहरुको सूची (गीत-संगीत, समाचार र पत्र-पत्रिका)<br>▪ ग्राहकहरुको रुचि अनुसारका मनोरञ्जनका साधनहरुको व्यवस्था गर्ने | १/२ | १/२ | १ | |
| ११. | एप्रोन/रुमाल सफा राख्ने | ▪ सफा गर्दा चाहिने सामानहरु<br>▪ सफा गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १/२ | १/२ | १ | |
| १२. | औजार/उपकरण एवं अन्य सामानहरुको व्यवस्था गर्ने | ▪ औजार/उपकरण एवं अन्य सामानहरुको सूची<br>▪ औजार/उपकरण एवं अन्य सामानहरुको उपलब्धता | १/२ | १/२ | १ | |
| १३. | काट्ने औजार चालु अवस्थामा राख्ने | ▪ पत्ती र रेजर<br>▪ धार लगाउने औजारहरु<br>▪ धार लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १/२ | १/२ | १ | |
| १४. | काट्ने मेशिन/ सामान चालु अवस्थामा राख्ने | ▪ मेशिन/औजारका काट्ने भाग फेर बदल<br>▪ सुरक्षा सम्बन्धी उपाय | १/२ | १/२ | १ | |
| १५. | स्प्रेयर चालु अवस्थामा राख्ने | ▪ स्प्रेयरको सफाइ<br>▪ स्प्रेयर फेर्ने तरिका | १/२ | १/२ | १ | |

**मुख्य कार्य (Duty) नं. २: औजार/उपकरण चलाउने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | ब्रश/ सेभिङ्ग ब्रश चलाउने | ▪ विभिन्न प्रकार र साइजका ब्रश<br>▪ चलाउने तरिका | १/२ | १/२ | १ | |
| २. | काईंयो चलाउने | ▪ काईंयोको विभिन्न प्रकार र साइज<br>▪ चलाउने तरिका | १/२ | १/२ | १ | |
| ३. | कैंची चलाउने | ▪ कैंचीका विभिन्न प्रकार र साइज<br>▪ चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १/२ | २ | २१/२ | |
| ४. | सेभिङ्ग रेजर चलाउने | ▪ सेभिङ्ग रेजरका विभिन्न प्रकार र साइज<br>▪ चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १/२ | २ | २१/२ | |
| ५. | बिजुलीबाट चल्ने कपाल काट्ने मेशिन चलाउने | ▪ विभिन्न प्रकारका कपाल काट्ने मेशिनहरु<br>▪ चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १/२ | २ | २१/२ | |
| ६. | बिजुलीबाट चल्ने सेभिङ्ग मेशिन चलाउने | ▪ विभिन्न प्रकारका सेभिङ्ग मेशिनहरु<br>▪ चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १/२ | २ | २१/२ | |
| ७. | बिजुलीबाट चल्ने ड्रायर चलाउने | ▪ विभिन्न प्रकारका ड्रायरहरु<br>▪ चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १/२ | २ | २१/२ | |
| ८. | स्प्रेयर चलाउने | ▪ चलाउने तरिका | १/२ | १/२ | १ | |

**मुख्य कार्य (Duty) नं. ३: कपाल काट्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | कपाल चिण्डे (सराद्धे कट) बनाएर काट्ने | ▪ चिण्डे स्टाइलको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु | १ | २ | ३ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ▪ काट्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाइ | | | | |
| २. | साधारण कपाल काट्ने | ▪ साधारण कपाल कटाइको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ काट्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाइ | १ | २ | ३ | |
| ३. | स्लोप कट कपाल काट्ने | ▪ स्लोप कट कपालको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ काट्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाइ | १ | २ | ३ | |
| ४. | स्टेप कट कपाल काट्ने | ▪ स्टेप कट कपालको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ काट्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाइ | १ | २ | ३ | |
| ५. | आर्मी कट कपाल काट्ने | ▪ आर्मी कट कपालको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ काट्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाइ | १ | २ | ३ | |
| ६. | रीकि मार्टिन कट कपाल काट्ने | ▪ रीकि मार्टिन कट कपालको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ काट्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाइ | १ | २ | ३ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| ७. | मशरुम कट कपाल काट्ने | ▪ मशरुप कट कपालको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ काट्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाइ | १ | २ | ३ | |
| ८. | थाई कट कपाल काट्ने | ▪ थाई कट आकारको कपालको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ काट्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाइ | १ | २ | ३ | |
| ९. | यू आकारको कपाल काट्ने | ▪ यू आकारको कपालको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ काट्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाइ | १ | २ | ३ | |
| १०. | भि आकारको कपाल काट्ने | ▪ भि आकारको कपालको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ काट्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाइ | १ | २ | ३ | |
| ११. | स्टेप (लेडिज) कट कपाल काट्ने | ▪ स्टेप कट कपालको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ काट्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाइ | १ | २ | ३ | |
| १२. | अंग्रेजी कट कपाल काट्ने | ▪ अंग्रेजी कट कपालको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ काट्ने तरिका | १ | २ | ३ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाइ | | | | |
| १३. | हेयर थिनीङ गर्ने | ▪ हेयर थिनीङको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाइ | १ | २ | ३ | |

**<u>मुख्य कार्य (Duty) नं. ४:</u> सेभिङ्ग गर्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | साधारण (सादा) सेभिङ्ग | ▪ साधारण (सादा) सेभिङ्गको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| २. | भि-जोन स्टाइलको सेभिङ्ग गर्ने | ▪ भि-जोन सेभिङ्गको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| ३. | निभीया/ ओल्ड स्पाइस/ जिलेट लगाउने | ▪ निभीया/ ओल्ड स्पाइस/ जिलेटको परिचय<br>▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| ४. | फ्रेन्च कट दाह्रि काट्ने | ▪ फ्रेन्च कट सेभिङ्गको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ▪ व्यक्तिगत सरसफाई | | | | |
| ५. | लेनिन कट दाह्रि काट्ने | ▪ लेनिन कट सेभिङ्गको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| ६. | ट्रिमीङ गर्ने | ▪ ट्रिमीङको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| ७. | चेहरा सेभिङ्ग गर्ने | ▪ चेहरा सेभिङ्गको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| ८. | चाउस सेभिङ्ग गर्ने | ▪ चाउस सेभिङ्गको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| ९. | फोम सेट सेभिङ्ग गर्ने | ▪ फोम सेट सेभिङ्गको परिचय<br>▪ आवश्यक पर्ने औजार उपकरणहरु<br>▪ गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |

## मुख्य कार्य (Duty) नं. ५: मसाज गर्ने

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | टाउकोको मसाज गर्ने | ▪ मानव-संरचनाको साधारण परिचय<br>▪ टाउकोको मसाजको परिचय र उद्देश्य<br>▪ मसाज गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १/२ | १ | १ १/२ | |
| २. | कपालमा तेलको मसाज गर्ने | ▪ कपालमा तेलको मसाजको परिचय र उद्देश्य<br>▪ मसाज गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १/२ | १ | १ १/२ | |
| ३. | चेहराको मसाज गर्ने | ▪ चेहरा मसाजको परिचय र उद्देश्य<br>▪ मसाज गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १/२ | १ | १ १/२ | |
| ४. | क्रिम मसाज गर्ने | ▪ क्रिम मसाजको परिचय र उद्देश्य<br>▪ मसाज गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १/२ | १ | १ १/२ | |
| ५. | बेड मसाज गर्ने | ▪ बेड मसाजको परिचय र उद्देश्य<br>▪ मसाज गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १/२ | १ | १ १/२ | |
| ६. | दुखेको ठाउँमा मसाज गर्ने | ▪ दुखेको ठाउँको मसाजको परिचय र उद्देश्य<br>▪ मसाज गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाइ | १/२ | १ | १ १/२ | |
| ७. | शरीर मसाज गर्ने | ▪ शरीर मसाजको परिचय र उद्देश्य | १/२ | १ | १ १/२ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ▪ मसाज गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाइ | | | | |

**<u>मूख्य कार्य (Duty) नं. ६</u>: कपाल रंगाउने (कलर गर्ने)**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | फरिस्ता/कालो मेहंदीले कलर गर्ने | ▪ कपाल रंगाउनुको परिचय र उद्देश्य<br>▪ कपालको प्रकृति  रंगको छनौट<br>▪ फरिस्ता/कालो मेहंदीको परिचय (यसबाट फाइदा र हुनसक्ने खराखी)<br>▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| २. | स्टोन कलरीङ्ग गर्ने | ▪ स्टोन कलरको परिचय ( यसबाट फाइदा र हुनसक्ने खराबी)<br>▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| ३. | गोदरेजले कलरीङ्ग गर्ने | ▪ गोदरेज कलरीङको परिचय ( यसबाट फाइदा र हुनसक्ने खराखी)<br>▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| ४. | सुपर भस्मले कलरीङ्ग गर्ने | ▪ सुपर भस्म कलरको परिचय ( यसबाट फाइदा र हुनसक्ने खराखी)<br>▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| ५. | बेगनले कलरीङ्ग गर्ने | ▪ बेगन कलर (पाउडर) को | १ | २ | ३ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | परिचय (यसबाट फाइदा र हुनसक्ने खराखी)<br>▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | | | | |
| ६. | बरीना पेस्टले कलरीङ गर्ने | ▪ बरीना कलरको परिचय ( यसबाट हुने फाइदा र हुनसक्ने खराखी)<br>▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| ७. | ड्राइ पाउडरले कलरीङ गर्ने | ▪ ड्राइ पाउडरको परिचय ( यसबाट हुने फाइदा र हुनसक्ने खराखी)<br>▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| ८. | गार्लीले कलरीङ गर्ने | ▪ गार्ली कलरीङको परिचय ( यसबाट हुने फाइदा र हुनसक्ने खराखी)<br>▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| ९. | ब्लिच (कलरीङ) गर्ने | ▪ ब्लिचको परिचय (यसबाट हुने फाइदा र हुनसक्ने खराखी)<br>▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| १०. | कपाल रातो बनाउने | ▪ रातो रङको परिचय (यसबाट हुने फाइदा र हुनसक्ने खराखी)<br>▪ लगाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| ११. | कपालमा मेहंदी लगाउने | ▪ फरीस्ता/कालो मेहंदीको परिचय (यसबाट हुने फाइदा | १ | २ | ३ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | र हुनसक्ने खराखी)<br>■ लगाउने तरिका<br>■ सुरक्षा सम्बन्धी उपाय<br>■ व्यक्तिगत सरसफाई | | | | |
| १२. | हेयर सेटीङ गर्ने | ■ हेयर सेटिङको परिचय ( यसबाट हुने फाइदा र हुनसक्ने खराखी)<br>■ लगाउने तरिका<br>■ सुरक्षा सम्बन्धी उपाय<br>■ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| १३. | कपाल ड्राइ गर्ने (एयर ब्लोइङद्वारा) | ■ हेयर ड्राइङको परिचय र प्रकार (यसबाट हुने फाइदा र हुनसक्ने खराखी)<br>■ लगाउने तरिका<br>■ सुरक्षा सम्बन्धी उपाय<br>■ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| १४. | हेयर टिन्टीङ (Tinting) गर्ने | ■ हेयर टिन्टिङको परिचय ( यसबाट हुने फाइदा र हुनसक्ने खराखी)<br>■ लगाउने तरिका<br>■ सुरक्षा सम्बन्धी उपाय<br>■ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| १५. | बारबन्दी कलरीङ गर्ने | ■ बारबन्दी कलरको परिचय ( यसबाट हुने फाइदा र हुनसक्ने खराखी)<br>■ लगाउने तरिका<br>■ सुरक्षा सम्बन्धी उपाय<br>■ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| १६. | बेगन (पेस्ट) कलरीङ गर्ने | ■ बेगन (पेस्ट) कलरको परिचय (यसबाट हुने फाइदा र हुनसक्ने खराखी)<br>■ लगाउने तरिका<br>■ सुरक्षा सम्बन्धी उपाय<br>■ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |

मुख्य कार्य (Duty) नं. ७: सौन्दर्य सेवा प्रदान गर्ने

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | स्याम्पुले कपाल धुने | ▪ स्याम्पुले धुनुको परिचय र उद्देश्य<br>▪ कपालको प्रकृति र उपयुक्त स्याम्पुको छनौट<br>▪ कपाल धुनका लागि गुणस्तरीय पानी<br>▪ धुने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | १ | २ | |
| २. | घरेलु फेसियल गर्ने | ▪ घरेलु फेसियलको परिचय र उद्देश्य<br>▪ छालाको प्रकृति र सहि फेसियलको छनौट<br>▪ फेसियल गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | २ | ३ | |
| ३. | आँखी भौं मिलाउने (थ्रेडिङ्ग गर्ने) | ▪ आँखी भौं मिलाउनुको परिचय र उद्देश्य<br>▪ थ्रेडिङ गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १/२ | १ | १ १/२ | |
| ४. | फेस वास गर्ने (मुख धुने) | ▪ मुख धुनुको परिचय र उद्देश्य<br>▪ छालाको प्रकृति र उपयुक्त फेस वासको छनौट<br>▪ मुख धुनका लागि गुणस्तरीय पानी<br>▪ मुख धुने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | १ | २ | |
| ५. | फेसियल गर्ने | ▪ फेसियलको परिचय र उद्देश्य<br>▪ छालाको प्रकृति र उपयुक्त फेसियलको छनौट<br>▪ फेसियल गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | १ | २ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ▪ व्यक्तिगत सरसफाई | | | | |
| ६. | फेस प्याक लगाउने | ▪ छालाको प्रकृति र उपयुक्त फेस प्याकको छनौट<br>▪ फेसियल गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | १ | २ | |
| ७. | बाफ लिने | ▪ बाफ लिनुको उद्देश्य<br>▪ बाफ लिने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | १ | २ | |
| ८. | नङ काट्ने | ▪ नङको प्रकृति<br>▪ नङ काट्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | १ | २ | |
| ९. | नेल पालिश लगाउने | ▪ नङको प्रकृति र उपयुक्त सेडको चयन<br>▪ पोलिशिङ/रीमुभिङ (लगाउने/हटाउने) तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | १ | २ | |
| १०. | मुखमा ब्लिच गर्ने | ▪ छालाको प्रकृति र उपयुक्त ब्लिचको चयन<br>▪ ब्लिच गर्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय<br>▪ व्यक्तिगत सरसफाई | १ | १ | २ | |

**मुख्य कार्य (Duty) नं. ८: अन्यसँग संचार गर्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | हजामसँग संचार गर्ने | ▪ सम्पर्कको अर्थ र महत्व<br>▪ सम्पर्कका प्रकारहरु (मौखिक, सांकेतिक रुपमा, लिखित)<br>▪ मौखिक सम्पर्कको प्रविधी<br>▪ सहयोगात्मक कामका लागि संवाद<br>▪ सुचना आदान प्रदान | १ | २ | ३ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ▪ सिनीयरहरुसँग कामबारे अग्रिम छलफल<br>▪ संवादका लागि उपयुक्त भाषाको प्रयोग (साना तथा ठूला तहका कर्मचारीहरुसँग) | | | | |
| २. | ग्राहकसँग संचार गर्ने | ▪ ग्राहकको कुरा र उनीहरुको विचारको महत्व (विचार दिने, अस्पष्ट कुराहरु समाधानका उपाय) | १ | २ | ३ | |
| ३. | रोजगारदातासँग संचार गर्ने | ▪ कार्य नं. २ हेर्नुहोस् । | १ | २ | ३ | |
| ४. | सहकर्मीहरुसँग संचार गर्ने | ▪ दिइएको कामबारे सहकर्मीहरुसँग छलफल गर्नुको महत्व | १ | २ | ३ | |
| | सुपरिवेक्षकसँग संचार गर्ने | ▪ कार्य नं. १ हेर्नुहोस् । | | | | |
| ५. | आपूर्तिकर्तासँग संचार गर्ने | ▪ कार्य नं. २ हेर्नुहोस् । | १ | २ | ३ | |
| ६. | आगन्तुकसँग संचार गर्ने | ▪ कार्य नं. २ हेर्नुहोस् । | १ | २ | ३ | |
| ८. | कनिष्ठसँग संचार गर्ने | ▪ कार्य नं. ४ हेर्नुहोस् । | १ | २ | ३ | |
| ९. | हजामका लागि आवश्यक सामाग्री पाइने पसलसँग संचार गर्ने | ▪ माग र पूर्तिको अर्डर<br>▪ बिल/भर्पाइ<br>▪ सामानहरुको आपूर्ति र डेलिभरी | १ | २ | ३ | |
| १०. | टेलिफोन रीसिभ गर्ने | ▪ टेलिफोनको अर्थ र महत्व<br>▪ टेलिफोन रिसीभ गर्ने प्रविधी<br>▪ टेलिफोन रीसिभ गर्ने तरिका<br>▪ खबर लेख्ने प्रविधी | १ | २ | ३ | |

**<u>मुख्य कार्य (Duty) नं. ९:</u> पेशागत वृत्ति विकास गर्ने**

| क.सं. | आवश्यक सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | हजामसँग परामर्श लिने | ▪ हजामसँग पेशाको खोजी सम्बन्धी गरिने क्रियाकलापको महत्व | १ | २ | ३ | |
| २. | अन्य कार्यशालाहरुको भ्रमण गर्ने | ▪ अन्य कार्यशालाहरुको भ्रमण गर्नुको फाइदा | १ | ३ | ४ | |
| ३. | सम्बन्धित सामाग्रीहरुको | ▪ पेशासँग सम्बन्धित | १ | ३ | ४ | |

| क.सं. | आवश्यक सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | अध्ययन गर्ने (कागजपत्र, पुस्तिका, ब्रोशियर) | कागजपत्र, पुस्तिका, सीट आदिको अध्ययनबाट हुने फाइदा | | | | |
| ४. | तालीम/सेमिनार कार्यशालाहरुमा उपस्थित हुने | ▪ व्यावसायिक बन्नुपर्ने आवश्यकता<br>▪ पेशागत रुपबाट संस्थाबाहिर अगाडि बढ्ने मौकाको महत्व | १ | ४ | ५ | |
| ५. | श्रव्य-दृश्यहरुको अवलोकन गर्ने | ▪ टि.भी. च्यानल, श्रव्य-दृश्य सामाग्रीहरुको परिचय<br>▪ श्रव्य-दृश्यबाट सिकिने कुराहरुको महत्व | १ | २ | ३ | |
| ६. | तालीमका लागि कार्यक्रम/ स्थान आदिको खोजी गर्ने | ▪ बढुवाका लागि तालीमको महत्व<br>▪ पुर्नताजगी तालीमका लागि तालीम दिने व्यक्ति/संस्थाको खोजी | १ | २ | ३ | |
| ७. | इन्टरनेट चलाउने | ▪ कम्प्यूटर बारेको जानकारी<br>▪ इन्टरनेट चलाउने प्रविधि | १ | २ | ३ | |